स्थानीय पाठ्यक्रम

# हाम्रो नौमूले

## (कक्षा २)

**नौमूले गाउँपालिका**

स्थानीय पाठ्यक्रम

२०८०

नौमूले गाउँपालिका

# स्थानीय पाठ्यक्रम

२०८०

## हाम्रो नौमूले

आधारभूत तह (कक्षा-२)

तयार गर्ने

हिमालयन सिल्करोड कन्सल्टेन्सी प्रा.लि.

ललितपुर

# विषय सूची


| | |
|---|---|
| स्थानीय पाठ्यक्रम | १ |
| स्थानीय पाठ्यक्रम परिचय | २-८ |
| साधारण उद्देश्य | ९ |
| कक्षा-२ पाठ्यक्रम परिचय | १० |
| कक्षागत उद्देश्य | ११ |
| हाम्रो नौमूले | १२ |
| पाठ १-स्थानीय भूगोल | १३-१४ |
| पाठ २-स्थानीय इतिहास | १४-१५ |
| पाठ ३- जनसाङ्ख्यिक बनौट र जातजातिको अवस्था | १५ |
| पाठ ४-स्थानीय रीतिरिवाज र संस्कृती | १६-१८ |
| क) चाडपर्वहरू | |
| ख) जात्रा-मेलाहरू | |
| ग) चालचलन र लवाइ खवाइ | |
| पाठ ५- स्थानीय संस्कारहरू | १९ |
| क) जन्म, विवाह संस्कार | |
| पाठ ६-राजनीतिक सामाजिक अवस्था र महत्त्वपूर्ण व्यक्तित्वहरू | १९-२० |
| पाठ ७-स्थानीय जनजीविका र अर्थतन्त्र | २०-२१ |
| पाठ ८-स्थानीय पर्यावरण र जलवायु परिवर्तनका सूचक | २२-२३ |
| पाठ ९-प्राङ्गारिक तथा व्यावसायीक कृषि | २४-२५ |
| पाठ १०- हाम्रो भोजन र पाकशास्त्र | २५-२६ |
| पाठ ११- वित्तिय साक्षरता र नौलो व्यवसाय | २६-२७ |
| पाठ १२- कम्प्युटर साक्षरता | २७-२८ |
| पाठ १३-परम्परागत र प्राकृतिक उपचार विधि | २८-२९ |
| पाठ १४- हाम्रा सम्पदाहरू र स्थानीय पर्यटन | २९-३० |
| क) ऐतिहासिक | |
| ख) प्राकृतिक | |
| ग) सांस्कृतिक | |
| पाठ १५-स्थानीय खेल र मनोरञ्जन | ३० |
| सिकाइ सहजीकरण विधि तथा प्रक्रिया | ३१ |

| | |
|---|---|
| विद्यार्थी मूल्याङ्कन | ३२ |
| निरन्तर विद्यार्थी मूल्याङ्कनसम्बन्धी अभिलेख प्रक्रिया | ३३-३४ |
| निरन्तर विद्यार्थी मूल्याङ्कन अभिलेख फारम | ३५ |
| निरन्तर विद्यार्थी मूल्याङ्गन अभिलेख फर्मको ढाँचा | ३६ |
| विद्यार्थी प्रगति विवरण | ३७ |
| सन्दर्भ सामग्री | ३८ |
| अनुसूचीहरू: | |
| अनुसूची १ गाउँपालिका स्तरिय अन्तरक्रिया कार्यक्रममा उपस्थितीको प्रतिलिपि र तस्बिरहरू | ३९-४५ |
| अनुसूची २सुझाव सङ्कलन कार्यक्रमको उपस्थितीको प्रतिलिपि, माइन्युटको प्रतिलिपि र तस्बिरहरू | ४६-५२ |
| अनुसूची ३ तथ्याङ्क संकलनमा संलग्न उत्तरदाताहरूको विवरण | ५३ |

# स्थानीय पाठ्यक्रम

पाठ्यक्रम शीर्षकः हाम्रो नौमूले

पाठ्यक्रमको प्रकृतिः सैद्धान्तिक र प्रयोगात्मक

पूर्णाङ्कः १००

उत्तिर्णाङ्कः ४०

तह : आधारभूत शिक्षा तह

पाठ्यभार : ५ घण्टा

पाठ्य घण्टा : १६० घण्टा

# स्थानीय पाठ्यक्रम परिचय

नेपालमा शैक्षिक विकेन्द्रीकरणको अवधारणाको मर्म अनुसार वि.सं. २०४९ मा प्राथमिक पाठ्यक्रममा स्थानीय पाठ्यक्रमको व्यवस्था गरिएको भए तापनि त्यसलाई व्यापक तथा प्रभावकारी कार्यरूप दिन ढिलाई हुँदै आइरहेको थियो । नेपालको संविधान (२०७२) ले माध्यमिक तहसम्मको शिक्षासम्बन्धी अधिकार स्थानीय तहलाई प्रदान गरेको छ । सङ्घीय व्यवस्था अनुसार स्थानीय तहको निर्वाचन भई अधिकार सम्पन्न स्थानीय सरकारले पहिलो कार्यकाल सम्पन्न गरी नयाँ निर्वाचन मार्फत् अर्को कार्यकालको शुरुवात भइसकेको छ । यस अवधिमा स्थानीय सरकारहरूले त्यस स्थानका सरकोकारवालाहरूको आवश्यकता र चाहना अनुसार स्थानीय विषयबस्तुलाई समावेश गरी उनीहरूकै सङ्लग्नतामा स्थानीय पाठ्यक्रमको निर्माण गरिरहेका छन् । यस्तो पाठ्यक्रमले विद्यार्थी सिकाईका लागि स्थानीय भाषा, संस्कृति, ज्ञान, कला, सिप, प्रविधि, जीविकोपार्जन तथा व्यवसायिक सम्भावनालाई विषयवस्तुका रूपमा समावेश गर्छ । यसले स्थानीयतामा जोड दिन्छ । यसै अनुरूप नौमूले गाउँपालिकाद्वारा सार्वजनिक शिक्षालाई स्थानीय तहबाटै रूपान्तरण गर्न “हाम्रो नौमूले” नामक स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गरिएको छ ।

स्थानीय तहमा स्थानीय सरोकारवालाहरूको सहभागितामा स्थानीय आवश्यकता, चाहना अनुसारका विषयवस्तुहरू समावेश गरी यो स्थानीय पाठ्यक्रम निर्माण गरिएको हो । यस पाठ्यक्रममा नौमूले गाउँपालिकाका कक्षा १ देखि ५ कक्षासम्मका विद्यार्थीहरूलाई आफ्नो पुस्तौंदेखि बस्दै आएको स्थानको विभिन्न पक्षहरूको रैथाने ज्ञान, सीप र धारणा दिने हिसाबले “हाम्रो नौमूले” नामकरण गरिएको छ । “हाम्रो नौमूले” पूर्ण रूपमा लागु हुन सकोस् भन्ने लक्ष्य लिई यस अन्तर्गत एकाइका विभिन्न क्षेत्रहरू नौमूले गाउँपालिकाको नामकरण, भू-बनौट, इतिहास, स्थानीय जातजाति, लोक जीवन, व्यक्तित्व र जनसङ्ख्या, स्थानीय विविध संस्कृति, प्रचलित स्थानीय संस्कारहरू, स्थानीय जनबोली, जन-श्रुती, स्थानीय कला, साहित्य र सम्पदा, स्थानीय पर्यावरण, जनजीविका, परम्परागत ज्ञान, सीप, प्रविधि, स्थानीय खेल र पर्यटन जस्ता विषयहरू समावेश गरिएका छन् । यस पाठ्यक्रमका माध्यमबाट सैद्धान्तिक ज्ञान मात्र नभई व्यावहारिक, खोजमूलक, प्रयोगात्मक रूपमा जीविकोपार्जनसँग प्रत्यक्ष जोडिएको व्यावहारिक शिक्षा दिनका लागि स्थानीय पाठ्यक्रम निर्माण गरिएको छ । यसमा हाम्रो गौरवपूर्ण परम्परा, इतिहास र संस्कृतिबाट पाठ सिकीकेही सामाजिक कुसंस्कार र कुरितीहरूको अन्त्य गरी नयाँ पुस्तामा सामाजिक सांस्कृतिक रूपान्तरण गर्न यस पाठ्यक्रमले सघाउ पुर्‍याउने छ । प्रत्येक क्षेत्रमा समावेश गरिएका पाठ शीर्षकहरूलाई कक्षा १ देखि कक्षा ५ सम्म पाँच शैक्षिक वर्षभित्र शिक्षण सिकाइ गराई आफ्नो स्थानमा रहेको विविध पक्षहरूको राम्रो पहिचान गराउने प्रयास गरिएको छ । यसमा परम्परागत शिक्षण विधिभन्दा बाल केन्द्रित शिक्षण सिकाइ क्रियाकलापमा जोड दिइएको छ । पाठ्यक्रमको विषयवस्तुको सैद्धान्तिक पक्षमा भन्दा पनि प्रयोगात्मक, अनुसन्धानमूलक र व्यावहारिक पक्षलाई बढी जोड दिइएको छ ।

नेपालमा विद्यालय शिक्षाका लागि तयार गरेको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३, २०७१ र २०७६ ले स्थानीय पाठ्यक्रमलाई लक्षित गरी पाठ्य घण्टा र पाठ्यभार तय गरेको छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ ले आधारभूत तह (कक्षा १-८) सम्म एक विषय स्थानीय पाठ्यक्रमको पठनपाठन गराउनु पर्ने व्यवस्था गरेको छ । कक्षा १-३ सम्म साप्ताहिक ५ पाठ्यघण्टाका दरले वार्षिक १६० पाठ्यघण्टा र

कक्षा ४-८ सम्म साप्ताहिक ४ पाठ्यघण्टाका दरले वार्षिक १२८ पाठ्यघण्टा मातृभाषा/स्थानीय विषय समावेश गरिएको छ ।

**गतिशीलता र लचकता:**

पाठ्यक्रम गतिशील हुनु पर्दछ । कतिपय सुरुमा निर्माण भएका स्थानीय पाठ्यक्रम बढी महत्त्वाकांक्षी भएर बनाइएका हुन सक्दछन् । शिक्षण प्रक्रियामा जाँदा ती व्यावहारिक र उपलब्धिमूलक भएनन् भने विद्यालयले त्यसका विषयवस्तु परिवर्तन गर्न सक्दछ । उदाहरणका लागि *कम्प्युटर साक्षरता र डिजिटल दुनियाँ* विषयवस्तुका लागि साधन स्रोत र कम्प्युटर जान्ने जनशक्ति नभएका विद्यालयहरूमा भने तोकिएका विषयवस्तुहरू अपेक्षित पढाउन नसकिने हुन्छ । विद्यालय र कक्षा शिक्षकले यस्तो बेला विषयवस्तु परिवर्तन गर्ने निर्णय लिनु पर्दछ । विद्यार्थीको अगुवाईमा सामूहिक उद्यमशील परियोजनाहरू पनि शिक्षकको लगनशीलता र विद्यालयको स्रोत साधन जोहो गर्ने क्षमतामा भर पर्दछ । तय गरिएको स्थानीय पाठ्यक्रमलाई लागू गर्न गरिएको सबै खाले प्रयत्नहरू असफल हुने भएपश्चात् मात्र त्यस्तो विषयवस्तु परिवर्तन गर्ने निर्णयमा पुग्नु पर्दछ । त्यसैले पाठ्यपुस्तकका विषयहरू रणनीतिक उद्देश्य राख्ने भए तापनि स्थानीय परिवेशमा र अझ विद्यालयको आफ्नो विशिष्ट परिवेशअनुसार लचकदार पनि बनाउन आवश्यक छ ।

स्थानीय पाठ्यक्रम स्थानीय तहको सबै स्थानमा हुबहु हुनु पर्दछ भन्ने छैन । स्थानीय तहमा बनाइएको यो पाठ्यक्रमका आम विषय सबै विद्यालयलाई मिल्ने गरी तय गरिएको छ । यो पाठ्यक्रम पूरै स्थानीय तहका लागि भएकाले विद्यालयको अवस्था हेरी व्यावसायिक र सीपमूलक विषय पनि यसमा समावेश हुन सकोस् भन्ने उद्देश्य राखिएको छ । तर यो विषय विद्यालयको परिस्थितिमा भर पर्दछ । उदाहरणका लागि कुनै विद्यालय बजार क्षेत्रको नजिक छ तर पिउने पानीकै समस्या छ भने त्यहाँ तरकारी खेतीबारे पढाउन खोज्नु अनुपयुक्त हुन्छ । त्यस्तो ठाउँमा सिलाइबुनाइ या इलेक्ट्रोनिक जस्ता विषयवस्तु उपयुक्त हुन सक्दछ । त्यसैले पानी पर्याप्त भएको र विद्यालयसँग कृषियोग्य जमिनमा सहज पहुँच छ भने तरकारी खेतीलाई पनि स्थानीय पाठ्यक्रमको विषयवस्तुमा समावेश गर्नु बढी उपयुक्त हुन्छ । अझ यस्तो विषयवस्तुलाई स्थानीय र वाह्य बजारलाई दृष्टिगत गर्न सकिएमा स्थानीय तहबाटै समृद्धिको अभियानसँग पनि जोड्न सकिन्छ । यसले जनताको पोषण र जनजीविकामा सकारात्मक प्रभाव पार्दछ ।

बाँस प्रर्याप्त भएको स्थानमा बाँसका सामानहरू बनाउने विषयवस्तु, फलफूलको सम्भावना भएको ठाउँमा नर्सरी निर्माणका विषयवस्तु र अझ कतिपय स्थानमा कुखुरापालन, बाखापालनजस्ता विषयबस्तु पनि समावेश गर्न सकिन्छ । यसका लागि बिउ पुँजी, औजार, प्रविधि, सामूहिक व्यवस्थापन, परियोजना स्थल छनौंट, बजार प्रबन्ध आदि गर्न विद्यालय प्रशासन, शिक्षक र अविभावक सबैले संयुक्त रूपमा व्यवस्थापकीय तथा उत्प्रेरक भूमिकाको कार्य गर्नु पर्दछ । स्थानीय पाठ्यक्रममा यस्ता विषयवस्तु समावेश गर्न र त्यसलाई परियोजनाका रूपमा विकास गर्न सामूहिक कार्यशैली र लगनशीलता आवश्यक हुन्छ । यसका लागि स्थानीय पाठ्यक्रमको विषय क्षेत्र कार्यान्वयनको पाटोलाई अझ विशिष्टीकरण र विस्तृतीकरण गर्दै जानु पर्दछ ।

**शिक्षण विधिः**

स्थानीय पाठ्यक्रममा शिक्षक व्याख्यान विधिलाई कम जोड दिइएको छ । यसमा विद्यार्थी केन्द्रित सिकाइ विधि अवलम्वन गरी छलफल, प्रश्नोत्तर, अवलोकन, दृश्यावलोकन, विषयवस्तु मन्थन, भूमिका अभिनय, प्रदर्शन, अध्ययन भ्रमण, अभ्यास आदि विधिलाई विशेष ध्यान दिइएको छ ।

स्थानीय पाठ्यक्रमका लागि तह अनुरूप शिक्षण सिकाई विधिलाई अवलम्वन गर्नु पर्दछ । सिकाई सहजीकरणका लागि तल्लो कक्षामा प्रदर्शन, अभिनय, भ्रमण अवलोकन, समस्या समाधान आदि विधिलाई ध्यान दिइनु पर्दछ भने माथिल्लो कक्षामा व्याख्यात्मक, छलफल, घटना खोज विधि, परियोजना विधि, शोधोन्मुख विधिलाई बढी जोड दिइएको छ ।

कतिपय अवलोकन गर्न सकिने परियोजनात्मक विधि कक्षा १ देखि ३ सम्म पनि सिकाईका लागि उपयुक्त हुन सक्दछ । जस्तैः पातको सोलीमा माटो राखी विउ उमार्ने । मस्तिष्क मन्थन विधिलाई चरणवद्ध रचनात्मक ढङ्गले गर्न सकेका सिकाई सहज र दिगो पनि हुन्छ । यो माथिल्लो कक्षाका लागि बढी उपयुक्त हुन्छ । पाठ्यक्रमका कतिपय विषयवस्तुमा *'भनेर सिक्ने भन्दा देखेर सिक्नेरदेखेर सिक्नेभन्दा गरेर सिक्ने'* दिगो सिकाइ पद्धतिलाई जोड दिन खोजिएको छ ।

भ्रमण अवलोकन विधि सबै कक्षाका लागि आवश्यक छ । यसलाई केवल भ्रमणका लागि मात्र नलिई तथ्यहरूको सङ्कलन, विश्लेषण र लेखन गर्ने गरी सञ्चालन गर्नु पर्दछ । मस्तिष्क मन्थन विधि समस्यालाई समाधान गर्न, गहिरो गरी बुझ्न र सिकाई गर्न मद्दत गर्दछ । यो एकल र सामूहिक दुबै तवरले गर्न सकिन्छ । यसमा शिक्षकले विषयवस्तु र समस्यालाई अगाडी सारी सहजकर्ताको भूमिका खेल्नु पर्दछ । जिग्सअ विधि सिकाईका लागि अर्को प्रभावकारी विधि हो । यसमा विज्ञ समूह र मातृ समूह तयार गरी सिकाई आदान प्रदान हुन्छ । समान सोच भएका दुई जनाको जोडी बनाई उनीहरूको सिकाई आदान प्रदान गर्ने अर्को प्रवावकारी विधि हो । स्थानीय पाठ्यक्रम अनुरूप शिक्षकले सिकाई सहजीकरणका लागि विषयवस्तु र कक्षाको तह हेरी विभिन्न विधिको प्रयोग गर्न सक्दछन् ।

स्थानीय अन्वेषणात्मक सोधखोज विधिलाई यस पाठ्यक्रममा लागू गर्न खोजिएको छ । कक्षा कोठा, विषयवस्तु र शिक्षण विधिलाई सम्भव भएसम्म अपाङ्गमैत्री बनाउन ध्यान दिनु पर्दछ । दलित, जनजाति, छात्रा, अल्पसङ्ख्यक आदिको समावेशीकरणको पक्षलाई विशेष ध्यान दिइनु पर्दछ । स्थानीय खेलहरू पनि अपाङ्गमैत्री र समावेशी बनाउने प्रयास गर्नु पर्दछ । नौमूले गाउँपालिकामा ४७७ जना अपाङ्गता भएका मध्ये बालबालिका सङ्ख्या पुगनपुग आधा हुने भएकाले उनीहरूको अप्ठ्यारो र चासोलाई पनि सम्बोधन गर्नु पर्दछ । यसमा कक्षा शिक्षकले नै बालवालिकाको अपाङ्गताको स्थीति हेरी व्यावहारिक निर्णय लिनु पर्दछ ।

विद्यालयमा लामो विदा हुँदा विद्यार्थीलाई बोझिलो गृहकार्यभन्दा सिर्जनात्मक परियोजनाका कार्यलाई बढी प्राथमिकता दिइएको छ । यसमा उनीहरूलाई घर, परिवार तथा समुदायको काम, वातावरण, कृषि र अन्य जनजीविकाको कार्यसँग जोडेर गृहकार्यहरू दिनु पर्दछ । शिक्षण सिकाइलाई कक्षा कोठाभन्दा

बाहिर साथीभाइ, परिवार र समुदायसँग जोडेर सिक्ने तरिका बढी उपयुक्त हुन्छ । जस्तैः खाना बनाउने, सिलाइबुनाइ, तरकारी रोप्ने, नयाँ विरुवा रोप्ने, गमलामा फूल रोप्ने, सानो नर्सरी बनाउने आदि ।

शिक्षण प्रक्रियालाई मूल्याङ्कन र मुल्याङ्कनलाई शिक्षणमा सुधार गर्ने गरी अगि बढाउनु पर्दछ । यसमा विद्यार्थीलाई प्राप्ताङ्कभन्दा चाहिएको कुरा सिक्यो या सिकेन भनी विशेष ध्यान दिइन्छ । कमजोर या नसिकेको विद्यार्थीलाई छुट्टै विशेष ध्यान दिई सिकाउनु पर्दछ । त्यसमा शिक्षकका साथै सिकिसकेका विद्यार्थीलाई नसिकेका विद्यार्थीलाई सिकाउने भूमिकामा लगाउँदा सिकाई बढी प्रभावकारी हुन्छ ।

**स्थानीय पाठ्यक्रमको समष्टिगत पक्षः**

नौमूले गाउँपालिकाको स्थानीय पाठ्यक्रममा वित्तीय साक्षरता, डिजिटल वा कम्प्युटर साक्षरता र नौलो व्यवसायिकता, उद्यमशीलता जस्ता राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा महत्व राख्ने विषयबस्तुहरू राखिएको छ । स्थानीय पाठ्यक्रममा यो किन जरूरी पऱ्यो भन्ने प्रश्न आउन सक्छ । राजधानी र केही सहरी क्षेत्रका निजी विद्यालयहरूले कम्प्युटर, भाषा (अङ्ग्रेजीबाहेक अरूपनि) र सरकारले तोकेको भन्दा थप पाठ्यक्रम बनाई आफ्नो विद्यालय र यसको उत्पादन उत्कृष्ट भएको प्रमाणित गर्न खोजिरहेका छन् । यसले हुने र नहुनेका बीचमा दुई खाले शिक्षा, दुई खाले उत्पादन र दुई खाले रोजगारीको अवस्था सिर्जना गरिदिएको छ । निश्चय नै गाउँ र सरकारी विद्यालयमा पढ्ने विद्यार्थीहरूमा समाज र संस्कृतिलाई बुझ्ने चेतना अझै कमजोर भइसकेको छैन । समस्या कहाँ छ भने उसले प्राप्त गरेको शिक्षाले न उसलाई अगाडिका लागि अध्ययनको बाटो दिन्छ न त अहिलेको बजार मागअनुसारको क्षमता प्रदान गर्दछ । आफूले गर्न सक्ने पेशा र उद्यमशीलताप्रति पिठ फर्काएर त्यो युवा प्राप्त शिक्षाबाट समाजको चेतना बन्ने स्वप्नमा उल्टो बाटो हिँडिरहेको छ । यस्तो अवस्थामा स्थानीय पाठ्यक्रममा समावेश गरिएको वित्तीय साक्षरता, नौलो उद्यमशीलता, व्यवसायिक शिक्षा, डिजिटल साक्षरता आदिले के गर्ने भनी रुमल्लिएको युवालाई अगाडिको बाटो देखाउन मद्दत गर्दछ । यो त कतै टाढाबाट आइरहेको जहाजको मस्तुलमा बलिरहेको लालटिनजस्तै हो ।

त्यसैले स्थानीय कला, साहित्य, भूगोल, इतिहास जानेको विद्यार्थीले आफू जिउने बाटो चिनेर प्रतिस्पर्धी संसारमा सङ्घर्ष गरी अगि बढ्न सकोस् भन्ने उद्देश्यले उपरोक्त विषयवस्तु अगि सारिएको हो । यसमा *संसारलाई सोच्दै स्थानीय स्तरमा काम गर्ने (Think globally, act locally*) सोच प्रतिविम्बित भएको छ ।

यसमा विस्तृत विषयका साथै सम्भावित पाठ शीर्षकलाई पनि राखिएको छ । स्थानीय परिस्थिति हेरी त्यसलाई अवलम्वन गर्न लचिलो बनाइएको छ । पाठ्यपुस्तक नै बनाउने चरणमा भने यसलाई निश्चित गरेर जानु पर्दछ ।

**विषयवस्तुको विविधता, फैलावट र गहिराइ बीच सन्तुलनः**

स्थानीय पाठ्यक्रमलाई एकै खालको विषय जस्तो कला संस्कृति, कुनै एक व्यवसाय या जनजीविकामा मात्र केन्द्रित पनि गर्ने गरिन्छ । तर यहाँ नौमूले गाउँपालिकाका विद्यार्थी भाइबहिनीहरू स्थानीय ज्ञान सिप भएको बहुप्रतिभाशाली, नयाँ परिवेश बुझ्न सक्ने स्मार्ट र गरिखाने हुन सकुन् भन्ने उद्देश्यले स्थानीय पाठ्यक्रममा विविध विषयवस्तुहरूलाई समावेश गरिएको छ ।

विषयवस्तुको विविधतासँगै त्यसको फैलावट र गहिराई बीच सन्तुलन कायम गरिएको छ । सानोबाट ठुलो कक्षा अनुसार क्रमशः विषयवस्तुलाई गाउँ, ठाउँ, स्थानीय तह, क्षेत्र, जिल्ला र कर्णाली प्रदेश तहमा समेत भौगोलिक क्षेत्रमा विस्तार र विविधीकरण भएको छ । उदाहरणका लागि सानो कक्षामा बालबालिका हुर्केको ठाउँको भूगोल, अलि माथिल्लो कक्षामा वडा हुँदै पालिका, फेरी जिल्ला र प्रदेशको भूगोल र यसका आयामहरूबारे जानकारी दिने गरी पाठ्यक्रम तयार गरिएको छ ।

विद्यालय शिक्षामा कम्प्युटर र प्राविधिक शिक्षाको पाठ्यक्रम छुट्टै भए तापनि यसमा कम्प्युटर र डिजिटल शिक्षालाई पाठ्य सामग्रीका रूपमा राखिएको छ । यसले एक अर्कालाई परिपुरण र पुनःताजगी गर्दछ । पेन्टिङ, टाइपिङ, आइटीका विश्वव्यापी नयाँ सन्दर्भहरू, एक्सलबाट डायग्रामहरू बनाउने, युट्युव र गुगलमार्फत् शैक्षिक सामग्री अध्ययन गर्ने जस्ता विषयहरू सिक्न सक्दा विद्यार्थीहरूलाई थप फाइदा नै पुग्दछ । स्थानीय पाठ्यक्रम परम्परागत र नयाँ कुरा दुवैको सङ्गम होस् भनेर यो पाठ्यवस्तु समावेश गरिएको हो । यो विरोधाभासपूर्ण हुँदैन । विद्यार्थीहरूले सिकिसकेका भए या शिक्षक र कम्प्युटर नै नहुने अवस्था भए यसलाई स्थानीय विद्यालयले अवस्था हेरी पाठ्यवस्तु पुन संयोजन गर्न सक्नेछन् ।

**नौमूले गाउँपालिकामा स्थानीय पाठ्यक्रमको आवश्यकता किन ?**

- स्थानीय पेशा, व्यापार र व्यवसायलाई प्रवर्द्धन गरी शिक्षालाई गरी खाने, व्यावहारिक र उत्पादनमुखी बनाउन ।
- केन्द्रीय पाठ्यक्रम वैज्ञानिक र विस्तृत भए तापनि स्थानीय विषयवस्तु, भावना र आवश्यकतालाई समेट्न सकेका हुँदैनन् । *थिंक ग्लोवली र एक्ट लोकल्ली*भन्ने सोचअनुसार ग्रामीण क्षेत्र तथा स्थानीय तहहरूको विकास गर्न स्थानीय पाठ्यक्रम र शिक्षा आवश्यक छ ।
- स्थानीय भूगोल, इतिहास, कला, साहित्य आदिबारे नयाँ पुस्ताले जानकारी राख्न आवश्यक छ । आफ्नो धरातल विर्सिएर हाम्रा बालबालिका सामाजिक र योग्य मानिस बन्न सक्दैनन् ।
- विभिन्न क्षेत्रको स्थानीय ज्ञानले ऐतिहासिक, धार्मिक महत्त्वका स्थानीय सम्पदाहरूको संरक्षण र सम्वर्द्धन तथा कला संस्कृतिको उत्थान र विकास गर्न मद्दत पुग्दछ ।
- बजारीकरणले स्थानीय उत्पादन र स्रोत साधनलाई पूर्ण रूपमा पराधीन बनाउँदै गएकाले बजारसँग स्थानीय उत्पादन र स्रोत साधनको अधिकतम परिचालन गरी दोहोरो सम्बन्ध स्थापना गर्न आवश्यक छ ।
- *एक गाउँ एक उत्पादन* र *समृद्धि तलबाट* जस्ता सोचलाई कार्यरूप दिन स्थानीय पाठ्यक्रम र शिक्षा आवश्यक छ ।
- हाम्रा बालबालिका आत्मनिर्भर, आफै केही गरीखाने तथा श्रम र पेशाप्रति सम्मान गर्न सक्ने नागरिक बनाउन स्थानीय पाठ्यक्रम आवश्यक छ ।
- स्थानीयतालाई प्रदेशको पहिचान र सम्भावनासँग जोडी राष्ट्रिय एकीकृत भावमा एक सक्षम, दक्ष र समृद्ध नागरिक तयार गर्न ।

**"हाम्रो नौमूले" शीर्षक किन ?**

हाम्रो नौमूले गाउँपालिकामा भौगोलिक विशिष्ठता, गौरवपूर्ण इतिहास, परम्परा र संस्कृति रहेका छन् । इतिहासको समयक्रममा पछौटेपन र अविकासको शिकार हुन पुगेको यो क्षेत्र पछिल्लो अवधिमा विस्तारै विकासको मूल प्रवाहमा आउन थालेको छ ।

यो गाउँपालिका तत्कालिन ७ वटा गा.वि.स.हरू नौमूले, चौराठा, द्वारी, बालुवाटार, सल्लेरी, तोली र कालिका मिलेर बनेको छ । यस गाउँपालिकाको केन्द्र नौमूले बजार लोहोरे खालाको छेउमा रहेको सानो रमणीय उत्पादनशील फाँटमा अवस्थित छ । यो क्षेत्रकै महत्वपूर्ण धार्मिक र प्राकृतिक स्थल **नौमुल**बाट यो पालिकाको नामकरण हुन गएको छ ।  यो पालिका दैलेख जिल्लाको उत्तर पूर्वी भूभागमा अवस्थित छ । यस गाउँपालिकाको उत्तरमा कालिकोट, पूर्वमा जाजरकोट, पश्चिम दक्षिणमा नारायण नगरपालिका, दक्षिणमा भगवतीमाई गाउँपालिका, पश्चिममा महाबु गाउँपालिकासँग सिमा जोडिएको छ ।

यो गाउँपालिकाको क्षेत्रफल २२८.८९ वर्ग कि.मि. रहेको छ । राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार नौमूले गाउँपालिकाको कुल जनसङ्ख्या २०५८९ रहेको छ जसमा पुरुष १००३२ र महिला १०५५७ रहेको छ । विविधतायुक्त बसोबास भएको यस गाउँपालिकामा बाहुन, क्षेत्री, जनजाति, दलित, ठकुरी र अल्पसङ्ख्यकहरूको बसोबास रहेको छ । यस गाउँपालिकामा तोली, नौमूले, कालिका, द्वारी, बालुवाटार क्षेत्रमा जनजातिको घना वस्ती रहेको छ ।

नौ वटा मूल भएको नौमूले, द्वारी झरना, तोली गुफा, तिनचुले हिमाल, मालिका बासुकी धारा, बासुकी गुफा, भुर्सु गुफा यो क्षेत्रका महत्वपूर्ण धार्मिक र प्राकृतिक पर्यटकीय स्थलहरू हुन् । यस गाउँपालिकाको कुल कृषि भूमि २९.८२ प्रतिशत रहेको छ जसमा लोहोरे नदी किनारमा केही दोमट बलौटे उत्पादनशील फाँटहरू रहेका छन् भने अन्य भूगागमा लेकाली उत्पादनशील माटो पाइन्छ । यहाँ नदी किनारमा ९८० मिटर देखि शुरु हुने न्यानो उपोष्ण कृषि फाँटहरू र उचाइ बढ्दै जाँदा ४१६८ मिटरसम्म समशितोष्ण हावापानीका क्षेत्रहरू पनि रहेका छन् । यस गाउँपालिकामा करिव १३८.९४ वर्ग कि.मि. वन क्षेत्र र २२.१३ वर्ग कि मि. घाँसे क्षेत्र रहेको छ । यो कालीकोट र जाजरकोटको सिमा क्षेत्रमा घना रूपमा विस्तार भएको पाइन्छ । यहाँको वन जैविक विविधताले भरिपूर्ण मानिन्छ । यहाँको वनमा साल, सिसौ, जामुन, सल्लो, कटुस, उत्तिस देखि दुर्लभ दियार सम्मका वनस्पति पाइन्छन् । गैरकाष्ठ वन पैदावारमा टिमुर, कटुकी, चिराइतो, पदमचाल, पाखनवेद आदि जडीबुटीहरूका साथै वन्यजन्तुमा अति दुर्लभ रेड पाण्डादेखि बँदेल, चितुवा, स्याल, वन विरालो, भालु, कस्तुरी मृग समेत पाइने गरेको छ । यस गाउँपालिकामा कर्णाली प्रदेशकै सबैभन्दा पहिलो केन्द्रीय लाइनमा जोडिने २ वटा जलविद्युत आयोजनाहरू: द्वारी जलविद्युत आयोजना र पदमखोला जलविद्युत आयोजना सफलतापूर्ण सञ्चालनमा आएका छन् भने र अपर लोहोरे जलविद्युत आयोजना निर्माणाधिन अवस्थामा रहेको छ । कर्णाली प्रदेशमा करिव ८ मेगावाट उत्पादन भएकोमा त्यसको अधिकांश हिस्सा नौमूले गाउँपालिकाको हुनु गौरवपूर्ण विषय हो । यहाँको चट्टानमा टुर्मालिन, काइनाइट र अन्य रत्नपत्थरहरू पाइएका छन् । यसैले यो गाउँपालिका जल, जंगल र जमिन तिनै दृष्टिकोणले धनी मान्न सकिन्छ ।

विकास र प्रगतिशितल परिवर्तनको संघारमा रहेको यस गाउँपालिकाको थप प्रगति र उन्नतीका लागि स्थानीय पाठ्यक्रमले महत्वपूर्ण भूमिका खेल्न सक्दछ । स्थानीय भाषिक र जातीय विविधता, प्राकृतिक स्रोत साधन, उब्जाउ जमिन, वनसम्पदा र खानीलगायत महत्वपूर्ण पर्यटकीय र धार्मिक स्थलहरू भएको यस गाउँपालिकामा '**हाम्रो नौमूले**' शीर्षकमा स्थानीय पाठ्यक्रम निर्माण गर्ने विषयले अहम् महत्व राख्दछ ।

**स्थानीय पाठ्यक्रमको सामाजिक आर्थिक पक्षः**

हामीले हाम्रो इतिहास, भूगोल, भाषा, संस्कृतिप्रति गौरववोध गर्नु पर्दछ । यी मानव समाजको विकासक्रममा विकसित अवयवहरू हुन् । तर यी सबै गौरवपूर्ण थिए र हुन्छन् भन्ने कदापि होइन । मानव इतिहासमा प्राकृतिक जीविकोपार्जनको युगमा विकसित संस्कृति र परम्पराहरू बढी न्यायोचित र समतामूखी देखिन्छन् । तर त्यहाँ पनि वैज्ञानिक सोचको अभावका कारण अन्धविश्वास थियो । दासयुग र सामन्तवादमा मानिस बढी हिंस्रक, स्तुतीगानमा रमाउने र अति असमान भू-स्वामित्वका कारण बढी शोषणयुक्त थियो । पुँजीवादले प्रविधि र पुँजीको विकासका कारण उत्पादक शक्तिको विकास, उत्पादन वृद्धि र व्यापार विविधिकरण जस्ता सकारात्मक विषयहरू ल्याए तापनि नाफा र पुँजीको अति केन्द्रीकरणका कारण आर्थिक विभेद चुलिएको छ । यो वर्गबीचमात्र होइन सहर र गाउँ, विकसित र विकासोन्मुख देशबीच पनि उत्तिकै मुखरित छ । मानव विकासको प्रक्रियामा इतिहासका सही र गौरवपूर्ण परम्परालाई मानिसले अगि बढाउँदै जान्छ । ती मानव समाजले विकास गरेका सामाजिक सम्पत्तिहरू हुन् । तर समाजलाई उन्नत र विकसित बनाउन अन्धविश्वास, कुरीति, कुसंस्कार चिर्दै जानु पर्दछ र सकारात्मक पक्षहरूलाई संरक्षण र सम्वर्द्धन गर्दै जानु पर्दछ । स्थानीय पाठ्यक्रमले जातीय र लैङ्गिक विभेद, छुवाछुतजस्ता कुप्रथालाई हटाउन मद्दत गर्नु पर्दछ ।

हाम्रो कतिपय संस्कारले श्रम गर्ने परम्परालाई हेयका रूपमा हेरेको छ । हुन त वेदमा कृषिलाई उत्तम पेशा मानिएको छ । वेद लेखनका केही खण्डहरू मानिस प्राकृतिक उत्पादनको अवस्थामै रहेको बेला लेखिएको मानिन्छ । तर पछि दास र सामन्तवादले श्रम गर्नेलाई तल्लो जाति बनाइदियो । विचौलिया अर्थतन्त्रको दवदवासँगै कृषिपेशा गर्नेलाई दोस्रो दर्जाको पेशा ठान्न थालियो । यो दलाल पुँजीवादसँग जन्मिएको क्लर्क शिक्षा पद्धतिले दिएको नकारात्मक योगदान हो । नेपालको संविधानले सुनिश्चित गरेको समाजवादोन्मुख समाज निर्माण गर्न *गरिखाने शिक्षा*को विकास अनिवार्य शर्त हो ।

त्यसैले समाजवादोन्मुख समाज निर्माणका लागि प्रगतिशील र उद्यमशील पुँजीवादको विकास आवश्यक हुन्छ । यसले उत्पादक शक्तिलाई बढावा दिन्छ र उत्पादनमा बृद्धि गर्दछ । बढीभन्दा बढी उद्यमी र मेहनती हातहरूले व्यवसाय गर्दा समृद्धि तलबाट निर्माण हुन्छ र यो समतामूखी पनि हुन्छ । यसका लागि हामीले विद्यार्थीलाई विद्यालय शिक्षादेखि नै मानसिक र शारीरिक हिसावले दक्ष पार्नु पर्दछ ।

उदाहरणका लागि कलिला विद्यार्थीले स्थानीय पाठ्यक्रमअन्तर्गत सामुहिक तरकारी खेतीको योजना बनाउँदछन् । टोली नेतालाई कम्पोष्ट मल बनाउने जिम्मा छ । भदौ १५ देखि ३० गतेसम्म श्यामको वेर्ना तयार गर्ने जिम्मा छ । असोज १-२० गतेसम्म सिताले बारी खनेर तयार गर्ने र असोज १५-२० गतेसम्म रिताको विरुवा सार्ने जिम्मा छ । त्यस्तै अर्कोको पानी भराउने र सिँचाइ गर्ने, गोड्ने आदि जिम्मा छ । पुरुष महिला सबै जातिले काम बाँडेर गरेका छन् । यसले परियोजना सामुहिक ढङ्गले गर्ने तरिका सिकाउँदछ । उत्पादित तरकारी केही आफै प्रयोग गरेर पोषणयुक्त खाना उनीहरूले प्राप्त गर्दछन् । त्यसमाथि केही बेचेर स-सानो खर्च पनि जोहो हुन्छ । तर यसबाट उनीहरूले सिकेको जो अनुभव हो त्यसले भविष्यका दिनमा म केही आफै गर्न सक्छु भन्ने आत्मविश्वास जगाई दिन्छ । '*हाम्रो नौमूले*' नामक यस स्थानीय पाठ्यकमले पनि हाम्रा बालबालिका, समाज र देशलाई रूपान्तरण गर्न सक्दछ ।

**साधारण उद्देश्यः**

***हाम्रो नौमूले*** पाठ्यक्रममा तय गरिएका विषयहरूको शिक्षण सिकाइपछि विद्यार्थीहरू निम्नलिखित कुराहरूमा सक्षम हुनेछन् :

१) नौमूले गाउँपालिकाको भौगोलिक अवस्थिति, भू-बनौटबारे व्याख्या गर्न ।

२) स्थानीय इतिहासबारे वर्णन गर्न ।

३) स्थानीय जनसाङ्ख्यिक अवस्था जातजातिको अवस्थाबारे विवरण प्रस्तुत गर्न ।

४) स्थानीय विविध संस्कृति र संस्कारको सवल पक्ष सहित यसको महत्त्व दर्शाउन र कतिपय कुसंस्कारहरू सुधारको आवश्यकताबारे बताउन ।

५) स्थानीय कला साहित्यका बारेमा आधारभूत जानकारी हासिल गर्न ।

६) महत्त्वपूर्ण स्थानीय अभिलेखहरू र तिनको महत्त्व बताउन ।

७) स्थानीय ज्ञान, सीप, प्रविधिको पहिचान गरी त्यसको महत्त्व दर्शाउन ।

८) स्थानीय परम्परागत तथा प्राकृतिक उपचार विधि प्रयोगमा ल्याउन ।

९) स्थानीय प्राङ्गारिक खाद्य पदार्थको पोषण महत्त्वबारे बताउन ।

१०) परम्परागत स्थानीय खेल र मनोरञ्जनमार्फत् बालबालिकाको शारीरिक, मानसिक विकासमा सघाउ पुर्‍याउनका साथै सम्बन्धित क्षेत्रको प्रवर्द्धन र विकास गर्न ।

११) स्थानीय पर्यावरण र जलवायु परिवर्तनसँग सम्बन्धित बोट विरुवा, जनावर, जलचर, रामसार क्षेत्र आदिको संरक्षणको आवश्यकताबारे बताउन र छानिएका नमुना संरक्षण अभियानमा सहभागी भई पर्यावरण संरक्षणबारे व्यावहारिक ज्ञान हासिल गर्न ।

१२) स्थानीय पर्यटकीय सम्भावना बारे जानकारी गराई आवश्यक आधार तय गर्न ।

शिर्षक : हाम्रो नौमूले

पाठ्यक्रमको प्रकृतिः व्यावहारिक तथा प्रयोगात्मक बुझाई पूर्णाङ्कः १००

कक्षाः २ उतिर्णाङ्कः २०+२०

पाठ्यभारः ५ घण्टा

पाठ्य घण्टाः १६० घण्टा

परिचयः

यो पाठ्यक्रम नौमूले गाउँपालिकाको स्थानीय पाठ्यक्रम "**हाम्रो नौमूले**" कक्षा २ का लागि तयार गरिएको हो । यसमा आफू बस्ने ठाउँ, नदी, फाँट, जङ्गल, डाँडा, गाउँपालिकाका नाम, वडाको सङ्ख्या, पहिलेका स्थानीय निकायको नाम,जातजातिको नाम, सांस्कृतिक चाडपर्व, रहनसहन, वेशभूषा र चालचलनआदि बारे भन्न, लेख्न र त्यसका बारेमा बताउन सक्नेछन् । संस्कारका साथै कुरीति र कुसंस्कारका विभिन्न पक्षहरूबारे सामान्य परिचय दिन, स्थानीय जनजीविका लागि गरिने कामहरूको सूची तयार गर्ने, गाउँघरमा राम्रो काम र सुधार गर्ने मानिसहरूको बारे बताउने, विभिन्न वन जङ्गल, जीवजन्तु, जलचर र थलचरहरूको सूची बनाउने र तीनको अवस्थिति बारे बताउने, स्थानीय बाजाहरू तथा स्थानीय खेलहरू आदि बारेमा समेत जानकारी हासिल गर्नेछन् । विद्यार्थीहरूले स्थानीय चिजवस्तु, घरपालुवा जनवार, चराचुरुङ्गी, घर आदिको गोलाकार, अर्धाकार, सरल रेखिय सामान्य चित्रहरू बनाई ऐच्छिक रङ लगाउनुका साथै माटोको सरल आकारका रोटी, जनावर तथा चराको अमूर्त आकारहरू निर्माण जस्ता बाल सिर्जना र कलात्मक सम्वेग अभिवृद्धि गर्ने कार्यहरू गर्न सक्नेछन् । यसमा मूलतः स्थानीय चीजवस्तु, ठाउँ, उत्पादनहरू समावेश गरी सिकाइ केन्द्रित विधि अवलम्वन गरिने छ । यसमा ठाउँ, वस्तु, सिकारूको सम्बन्ध व्यावहारिक ढङ्गले स्थापना गरी सिकाइ शिक्षण गरिएको हुन्छ ।

कक्षागत उद्देश्यहरू:

यो पाठ्यांशको सिकाइ शिक्षणपश्चात् बालबालिकाहरू निम्न सिकाइ गर्न सक्षम हुनेछन्:

- क्षेत्रका विभिन्न नदी, फाँट, जङ्गल, डाँडा आदिको नाम भन्न, त्यसको अवस्थिति इङ्गित गर्न र लेख्न सक्नेछन् ।
- गाउँपालिकाका नाम, यसका वडा सङ्ख्या, पहिलेका स्थानीय निकायहरूबारे लेख्न र बताउन सक्नेछन् ।
- गाउँपालिकामा बस्ने विभिन्न जातजातिको नाम, उनीहरूको स्थान भन्न र लेख्नका साथै सांस्कृतिक चाडपर्व (जस्तै दशै, तिहार, भैलो, भोसो, भुवो, तिज), रहनसहन, वेशभूषा र चालचलनबारे सामान्य परिचय दिन सक्नेछन् ।
- स्थानीय रीतिरिवाज, संस्कारका साथै कुरीति र कुसंस्कारका विभिन्न पक्षहरूबारे सामान्य परिचय दिन सक्नेछन् ।
- स्थानीय जनजीविका लागि गरिने कामहरूको सूची बनाउन सक्नेछन् । गाउँघरमा राम्रो काम र सुधार गर्ने मानिसहरूको बारे बताउन सक्नेछन् ।
- स्थानीय क्षेत्रमा पाइने तथा अन्य नयाँ बोटविरूवा, फलफूल, तरकारी, जनावर, चराचुरुङ्गी आदिको नाम भन्न, सूची बनाउन र लेख्न सक्नेछन् ।
- परम्परागत खाने कुराहरू तथा परिकार, मसलाहरूको नाम भन्न र लेखेर सूची बनाउन सक्नेछन् । खिर र चिया पकाउने तरिकाबारे बताउन सक्नेछन् ।
- स्थानीय बाजाहरू दमाहा, मादल, हुड्को, सनाई, नरसिन्हा, शङ्ख, घण्ट आदिको विशेषताबारे बताउन सक्नेछन् ।
- कम्प्युटर खोल्न, बन्द गर्न, एमएस वर्डमा केही अक्षर र शब्द लेख्न, रेखा कोर्न र फ्रि पेन्टिङ गर्न सक्नेछन् । पानीबाट हुने विभिन्न उपचारबारे बताउन सक्नेछन् र केही विधिहरूको आफै प्रयोग गर्न सक्नेछन् ।
- गाउँघरमा हुन सक्ने तरकारी र फलफूलका प्रकारहरूको सूची बनाउन र त्यसको सामान्य परिचय दिन सक्नेछन् ।
- स्थानीय पर्यावरणसँग सम्बन्धित विभिन्न वन जङ्गल, जीवजन्तु, जलचर र थलचरहरूको सूची बनाउन र तीनको अवस्थितिबारे बताउन सक्नेछन् ।
- स्थानीय स्तरमा हुने जलवायु परिवर्तनले पारेका असरहरूको सुची तयार गर्न सक्नेछन् ।
- स्थानीय सामान्य खेलहरू टोपी लुकाउने खेल, रेल कसो हुन्छ ग्वा जस्ता खेल खेल्न सक्नेछन् ।
- बालबालिकालाई, स्थानीय लोक लयमा रहेका रमाउने, सुताउने, भुलाउने केही गीतहरू बताउन सक्नेछन् ।
- स्थानीय चिजवस्तु, घरपालुवा जनवार, चराचुरुङ्गी, घर आदिको गोलाकार, अर्धाकार, सरल रेखिय सामान्य चित्रहरू बनाई ऐच्छिक रङ लगाउन सक्नेछन् ।
- माटोको सरल आकार रोटी, जनावर तथा चराको अमूर्त आकारहरू निर्माण जस्ता बाल सिर्जना र कलात्मक सम्वेग अभिवृद्धि गर्ने कार्यहरू गर्न सक्नेछन् ।

नौमूले गाउँपालिका

# स्थानीय पाठ्यक्रम

२०७९

# विषयः हाम्रो नौमूले

कक्षाः २

## विषयवस्तुको क्षेत्र र क्रम तथा विस्तृतीकरण

| पाठ | सिकाइ उपलब्धी र विशिष्ट सिकाइ | विषयवस्तु विस्तृतीकरण | सम्भाब्य शिक्षण सिकाइ क्रियाकलाप | सम्भाब्य शिक्षण सामग्री | सम्भावित मूल्याङ्कन | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| १. स्थानीय भूगोल (**मेरो सुन्दर गाउँ**) | क) आफू बस्ने स्थानको नजिक पर्ने विभिन्न नदी, फाँट, जङ्गल, डाँडा आदिको नाम भन्न, त्यसको अवस्थिति इङ्गित गर्न र लेख्न सक्नेछन् । स्थान विशेषलाई समावेश गरी रचिएको गीत गाउन सक्नेछन् ।<br>ख) गाउँपालिकाको नाम, नक्सा र केन्द्र देखाउन सक्नेछन् । | - आफ्नो गाउँ वरिपरि रहेका नदी र खोलाको नाम ।<br>- वन, जंगल, डाँडाको नाम ।<br>- फाँटका नामहरू ।<br>- आफ्नो गाउँपालिकाको नाम, नक्सा, केन्द्र ।<br>- यसबारे रचिएको गीत । (यस्ता नामहरू हरेक विद्यालयका सन्दर्भमा फरक फरक हुन्छन्) जस्तैः नौमूलेको सर्न्दभमा लोहरे खोला, चौराठाको सन्दर्भमा झिल्के, गिरखानी, ठान्डाँडा, अमलाचौर, सानीमाखु आदि । | - तपाईंको वरिपरिका नदी खोला, वन जङ्गलको नाम, फाँटकानामहरू सबैलाई पालैपालो सोध्ने र आएको उत्तरलाई कालोपाटी/सेतोपाटीमा टिप्ने ।<br>- यससम्बन्धी रचिएको या संकलित गीत समूहगत या पालैपालो गाउने ।<br>- विद्यार्थीलाई कतिपय नाम थाह नभएमा आफू छलफलमा सहभागी भइ ती नाम पनि टिप्ने ।<br>- गाउँपालिकाको नक्सा देखाई आफू बस्दै आएको गाउँपालिकाको नाम नौमूले भनी भन्न, चिन्न र लेख्न लगाउने ।<br>- गाउँपालिकाको केन्द्र र केही मुख्य स्थानहरू देखाउने र | - साविकको गाविस नक्सा र नौमूले गाउँपालिको नक्सा । | - पाटीमा टिपिएका भौगोलिक स्थानहरू कता पर्छ भनि सोध्ने ।<br>- नौमूले गाउँपालिकाको केन्द्रको नाम भन्नुहोस् ।<br>- जस्तै लोहरेनदीको बारे के थाह छ भन्नुहोस् ?<br>- उदाहरणका लागि सल्लेरी क्षेत्रका विद्यार्थीलाई नाउली,साखर्क, आटा, पैती कता पर्दछन् कसरी जान सकिन्छ बताउनुहोस् भनि सोध्ने(विद्यार्थीलाई | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | चिन्ह लगाउने ।<br>- विद्यार्थीलाई माथिका भौगोलिक स्थानहरू औंलाले देखाउन लगाउने र नजानेका स्थान भए बताइ दिने । ती स्थान के कस्ता छन् भनी विद्यार्थीलाई भन्न लगाउने र ती ठाउँका बारेमा आफूले बताइ दिने । | | उसको सम्बन्धित क्षेत्रको भूगोलबारे सोध्ने) ।<br>- पालै पालो गीत गाउनुहोस् । (स्थानीय ठाउँहरू मिलाएर बनाएको ) | |
| २. स्थानीय इतिहास<br><br>**(हाम्रो पालिकाको इतिहास या परिचय)** | क) पहिलेका स्थानीय निकायका नाम भन्न र लेख्न सक्नेछन् । यीनलाई नक्सामा देखाउन सक्नेछन् । पूर्व गाविस र पञ्चायत प्रधान उपप्रधान तथा प्रमुख उपप्रमुखको नाम भन्न र लेख्न सक्नेछन् ।<br>ख) पालिका स्थापनाको मिति भन्न र लेख्न सक्नेछन् । | - नौमूलेको नाम, नामकरण भन्दा पहिलाको गाविसहरूको नामहरू जस्तैः द्वारी, कालिका, बालुवाटार, नौमूले, तोली, सल्लेरी, चौराठा आदि ।<br>- गाउँ पञ्चायत र गाउँ विकास समिति हुँदाको भौगोलिक तथा प्रशासनिक अवस्था ।<br>*(हरेक स्थानको स्थानीय इतिहास बारे बताउने)* | - पहिलेका पालिका र गाउँ पञ्चायत कहाँदेखि कहाँसम्म थिए भन्ने बताउने ।<br>- विद्यार्थीलाई नौमूले भन्दा पहिलाका गाविसका बारे सोध्ने र कालोपाटीमा नाम लेख्ने ।<br>- गाउँ पञ्चायत, गाविसको सीमा, केन्द्र र अध्यक्ष तथा प्रधान र उपप्रधानहरू को को थिए भनि छलफल गरी कालो पार्टीमा नाम टिप्ने । (जस्तै द्वारी, कालिका, बालुवाटार, नौमूले, तोली, सल्लेरी, चौराठा आदि)<br>- साविकको गाविस नक्सा र नौमूले गाउँपालिकाको नक्सा ( | - साविकको गाविस नक्सा र नौमूले गाउँपालिकाको नक्सा ।<br>- पहिलेका गाउँ पञ्चायत, गा.वि.स.का नाम, केन्द्र र प्रमुखहरूको नाम सहितको चार्ट । | - नौमूलेका साविकका गाविसको नाम लेख्नुहोस् ।<br>- पहिलेका गाउँ पञ्चायत या गा.वि.स.का केन्द्र तथा प्रधानहरूको जोडा मिलाउनुहोस् । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | पहिलेका गाउँ पञ्चायत सहित देखाउने) । | | | |
| ३. जनसाङ्ख्यिक बनौंट, समाज र जातजातिको अवस्था<br>**(हाम्रा जातजाति र उनीहरूको बसोबासस्थल)** | क) गाउँपालिकामा बस्ने विभिन्न जातजातिको नाम, उनीहरूको बसोवास स्थान बाल गीतमा गाउन सक्नेछन् ।<br>ख) गाउँपालिकाको केही स्थान र जातिको नाम भन्न र कापीमा लेख्न सक्नेछन् । (जस्तै उदाहरणका लागि चौराठा बाहुन, क्षेत्री, ठकुरी, कामी र मगर बस्छन् ।) | - कुन कुन मुख्य जातजाति छन् ? वाहुन, क्षेत्री, ठकुरी, कामी, दमाइ, कार्की, मगर, माझी आदि कहाँ कहाँ बस्दछन् ?<br>- कुन जाति कहाँ बढी बसोबास रहेको छ भन्ने तथ्य र प्रमाणहरू । (उदाहरणका लागि चौराठामा सबैभन्दा बढी बाहुल्य भएको जाति ठकुरी दोस्रो बाहुल्यता भएको जाति मगर, तस्रो बाहुल्य भएको क्षेत्री, सबै भन्दा कम बाहुन रहेको । यहाँ ठाकुरीमा चन्द, शाही र सिंह आदि । | - विद्यार्थीले गाउँपालिकामा बस्ने विभिन्न जातिहरूका बारेमा भन्नेछन् र शिक्षकले ती सबै जातजातिको नाम कालोपाटी या सेतोपाटीमा लेख्नेछन् ।<br>- शिक्षकले विद्यार्थीसँग कुन जाति कहाँ कहाँ बस्दछन् भनी रचिएको गीत समूह र पालैपालो गाउन लगाउने छन् ।<br>- विद्यार्थीसँग स्थान र जातिबारे छलफल गर्नेः उदाहरणका लागि सल्लेरीमा बस्ने जातिहरूः चन्द, शाही, सापकोटा, सुवेदी, सुनार आदि ।<br>- त्यसैगरी गाउँपालिकाका मुख्य वस्तीहरू नौमूले, सल्लेरी, तोली, चौराठामा बस्ने मुख्य जातिहरूको सूची तयार गरिने छ । उनीहरूले आफू बसेको स्थान अनुरूप सजिलो हुने गरी स्थान रोज्न सक्नेछन् । | - जातजातिको अनुहार झल्काउने चित्रहरू । | - विभिन्न गाउँ र त्यहाँ बस्ने प्रमुख दुई जातिको जोडा मिलाउनुहोस् ।<br>- यस गाउँपालिकामा बस्ने ८ जातजातिहरूको नाम भन्नुहोस् ।<br>- तपाईंको वडामा बस्ने पाँचवटा जाति र थरको नाम लेख्नुहोस् ।<br>- स्थानीय ठाउँ र जातजातिबारे रचिएको या सङ्कलित गीत पालैपालो गाउनुहोस् ।<br>- | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४. स्थानीय रीतिरिवाज र संस्कृतिः<br>क) चाडपर्वहरू<br>ख) जात्रा-मेलाहरू<br>ग) चालचलन र लवाइ खवाइ<br><br>*(हाम्रा जात्रा मालिकाहरू या हाम्रा रहनसहन या हाम्रा चाडपर्वहरू या स्थानहेरी विशेषलाई पनि शिर्षक राख्न सकिने छ)* | क) बालबालिकाहरूले मनाउने चाडपर्व, जात्रा मेलाहरू, चालचलन र लवाइ खवाइ बारे परिचय दिन र अनुभव बताउन सक्नेछन् । तीनका बारेमा रमाइला गीतहरू गाउन सक्नेछन् । | - दशै, तिहार, भैली, तिज, माघीका बारेका बाल गीत र यस सम्बन्धी चित्रहरू ।<br>- जात्रा मेलाका गीतहरू, बालबालिका रमाउने लोक भाकाका छनौंट गरिएका गीतहरू, चालचलन र लवाइखवाइसम्बन्धी बाल गीतहरू निर्माण गरी विद्यार्थीलाई लयमा गाउन सिकाइने छ ।<br>(जस्तैः भैलीमाभनिएका केही वालसमझमा आउन सक्ने लयात्मक कुराहरूः .......... स्थानीय परिवेश अनुसार गाइने विभिन्न लोक गीत गाउन र नाचलाई नाच्न लगाउनसकिन्छ । | - शिक्षकले दशै तिहार, भैलो, तिज, माघी जस्ता चाडपर्वबारेका गीतहरू बनाउने छन् र बालबालिकालाई गाउन लगाइने छ ।<br>- चित्र र फोटोमा पिङ, जमरा, माला, पुजाआजा आदिको फोटो देखाइने छ । कुन चिज कुन चाडमा गरिने छ भनि सोधिने छ र विद्यार्थीलाई भन्न लगाइने छ ।<br>- विशेषतः मगरहरूले मनाउने माघी र नाच्ने मारुनी नाच सम्बन्धी चित्र र भाकामा प्रस्तुत गरिने छ ।<br>- विद्यार्थीहरूले जमरा, भाइटिका लगाउने, माला लगाउने, माघी तिहार मनाउने कुराको अभिनय गरी देखाउने छन् ।<br>- विद्यार्थीलाई सालको पात २/३ वटा, एक मुठ्ठी जौ र एक एक फूल ल्याउन लगाउने । | - गीतहरू कार्ड वोर्डमा चित्र सहित तयार गर्ने ।<br>- क ख ग घ लाई स्थानीय रीतिरिवाज र संस्कृतिसँग जोडिएका कार्ड वोर्ड र चित्रहरू ।<br>- पात, जौं, फूलहरू । | - यो वर्षको दशै तपाईंले कसरी मनाउनु भयो भन्नुहोस् ?<br>- तपाईंलाई दशै तिहार र अन्य चाडवाडमा कुन रमाइलो लाग्छ ? किन ? भन्नुहोस् ।<br>- माघी तिहार कुन जातीको विशेष चाड हो भन्नुहोस ?<br>- चाडवाड र गतिविधिको जोडा मिलाउनुहोस् ।<br>- विद्यार्थीहरूले जमरा, भाइ टिका लगाउने, माला लगाउने कुराको अभिनय गरी देखाउने छन् ।<br>- तपाईं कुन जात्रा जानु भएको छ | ८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | - शिक्षकको सहयोगमा स-साना समुह बनाइ माला बनाउन लगाउने । कक्षा कोठाको छेउमा पातको सोलीमा जमरा राख्न लगाउने ।<br>- विभिन्न स्थानीय जात्रा मेलाका रमाइला बाल गीतहरू बनाइ गाउन लगाउने ।<br>- सम्भावना भएमा चाडपर्वमा बजाइने स्थानीय बाजाहरू दमाहा, मादल, बासुरी, सहनाइ आदिको चित्र या वस्तु देखाएर चिन्न लगाउने । | | ?जात्रामा के के भयो भन्नुहोस् ?<br>- भैलोको गीत पालैपालो भन्न लगाउने ।<br>- नेपाली भेषभुषाबारे पालै पालो लयमा गीत गाउन लगाउने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ख) गाउँ घरमा बनाइने विभिन्न खाना र परिकारका साथै पोशाकहरूको सूची लेख्न र त्यसबारे भन्न सक्नेछन् । | - खाना र विभिन्न परिकारहरू / विभिन्न पोशाकहरू ।<br>- नेपाली लवाइ खवाइ गीत रचना गरी गाउन लगाइने छ । (*जस्तैः मगर गाउँकी सानी जात्रा गाएकी । चौबन्दी चोली लाएकी । शिरमा शिरफुल । धरो बानेकी । गुन्यू र घलेक पनि लाएकी । कोरिबाटी गरेकी । कति राम्री नानी ।* | - गाउँमा खाने कुराहरूको सूची विद्यार्थीलाई भन्न लगाई कालो पाटीमा लेखिनेछ । त्यस्तै चाडपर्वमा र विशेष अवसरमा खाने कुरा पनि भन्न लगाइ सूची बनाइने छ ।<br>- ती खाने कुराका परिचय र महत्वबारे शिक्षकले बताउने छ ।<br>- गाउँमा लगाइने पोशाकहरू पनि सूची बनाई कालोपाटी या सेतोपाटीमा लेखिनेछ । पुरुष महिला, केटाकेटीले लगाउने पोशाकबारे विद्यार्थीलाई भन्न लगाइ कालोपाटीमा टिपोट गरिने छ ।<br>- शिक्षकले स्थानीय लवाइखवाइ बारे एक गीत सङ्कलन गरी या आफै रचेर स्थानीय भाकामा गाउन लगाउने छ । | - मोवाइल या रेकर्डर ।<br>- टिपोट गीतहरू ।<br>- सांस्कृतिक पहिरनका तस्बिरहरू । | - एक ठाउँमा राख्नुहोस्: महिलाले लगाउने कपडाहरू र पुरुषले लगाउने कपडाहरू ।<br>- एक ठाउँमा राख्नुहोस्: नियमित खाने कुराहरू र चाडवाडमा खाने कुराहरू ।<br>- यो गीत कापीमा उतार्नुहोस् र स्थानीय लयमा गाउनुहोस् । | ७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५. स्थानीय संस्कारहरू:<br>क) जन्म, विवाह संस्कार<br><br>(**हाम्रो जन्म र विवाह संस्कार** या अन्य कुनै विशेष विषयलाई पनि शिर्षक बनाउन सकिने) | क) विवाह संस्कारका विविध क्रियाकलापहरू जोडिएको बाल गीत गाउन सक्नेछन् । ती क्रियाकलायहरूको सूची बनाउने छन् र त्यसको सामान्य परिचय दिन सक्नेछन् । | - मगनी, डोला ल्याउने, स्याउल्यादार लिन जाने, विहे गर्ने, गोडो धुने ।<br>विवाह ब्रतबन्धमा, रत्यौली खेल्ने, पञ्चे बाजा बजाउने आदि । | - विवाह संस्कारमा गरिने कामहरू विद्यार्थीलाई भन्न लगाइ कालो या सेतोपाटीमा टिपिने छ । यसबारेमा रचित बालगीत समूहगत र पालैपालो गाउन लगाइने छ ।<br>- हरेक गतिविधिमा विद्यार्थीले थाह पाएको कुरा भन्न उत्प्रेरित गरिने छ र शिक्षकले ती विषयका बारेमा सरल रूपमा बुझाउने छ ।<br>- विद्यार्थीलाई कतिपय विषयमा अभिनय गर्न लगाइने छ र सम्भावना भए विहेको भिडियो क्लिप देखाइने छ ।<br>- रत्यौली गाउने विषयमा शिक्षकले विद्यार्थीसँग छलफल गर्नेछन् । गाएर र अभिनय गरेर गराएर देखाउने छन् । | - भिडियो क्लिप र विवाह गर्दाको फोटोहरू आदि । | - गोडा धुँदा के के गरिन्छ ?<br>- स्याउलेदार लिन जाने भनेको के हो ? ल्याइसकेपछि के गरिन्छ ?<br>- जोडा मिलाऊ: विभिन्न बेला गरिने गतिविधिहरूको जोडा मिलाउ ।<br>- बहिनीको गोडा धुने अभिनय गर्नुहोस् ।<br>- विवाह संस्कारबारेको बाल गीत पालैपालो गाउनुहोस् । | १० |
| ६.राजनीतिक सामाजिक अवस्था र महत्त्वपूर्ण व्यक्तित्वहरू (**गाउँटोलका** | क) गाउँ टोलका महत्त्वपूर्ण व्यक्तिको सूची बनाइ उनका बारेमा बताउन सक्नेछन् । उनीहरूबारे रचिएको बाल गीत गाउन सक्नेछन् । | - गाउँटोलका महत्त्वपूर्ण व्यक्तित्वहरूको सामान्य परिचय । सम्बन्धित विद्यालय, गाउँ टोलमा सुधार गर्न काम गरेका मानिसहरू | - गाउँटोलमा सुधार गर्न काम गरेका मानिसहरू जस्तै वैद्य, डाक्टर, आमा समूहकी अगुवा, स्वयम्सेविका, वडा अध्यक्ष, शिक्षक आदिबारे विद्यार्थीलाई | - स्थानीय तहमा त्यस्तो काम गर्ने मानिसको फोटो र चित्र (सम्भव भएसम्म) । | - तपाईंको गाउँमा महत्त्वपूर्ण काम गरेका ३ जना व्यक्तिको नाम र उहाँको पेशा | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **महत्त्वपूर्ण व्यक्तिहरू यसमा समेटिएका छन्)**<br><br>(**हाम्रा अग्रजहरू** *या* **हाम्रा अगुवाहरू**) | | जस्तै वैद्य, डाक्टर, आमा समूहकी अगुवा, स्वयम्सेविका, वार्ड अध्यक्ष, शिक्षक आदि । | भन्न लगाइ सूची बनाइने छ ।<br>- उनीहरूको गरेको काम र योगदानबारे छलफल गरिने छ । उनीहरूले गर्ने कामबारे बुझिने ढङ्गले गीत तयार गरी गाउन लगाइने छ । उनीहरूका बारेमा चित्र देखाइ या बनाइ बुझाइने छ । जस्तैः राम्रो उपचार गर्ने असल डाक्टरले सिकिस्त विरामी बचाएको । गाउँका कुनै काकाले विद्यालयलाई आफ्नो जग्गा दान गरेको । आमा समूहकी अगुवाको नेतृत्वमा रक्सी बन्द गरिएको । शिक्षा सुधार गर्न काम गरेको राम्रो मास्टर आदि ।<br>- हरेक स्थानीय क्षेत्रमा रहेका समाजसेवी, शिक्षासेवी, कवि, ऐतिहासिक व्यक्ति आदिको विवरण तयार गरी विद्यार्थीलाई पढाउन लगाउने । | | लेख्नुहोस् ।<br>- उहाँले गरेको कामबारे बताउनुहोस् । स्थानीय सुधारकका बारेमा बुझिने गरी बनाइएको गीत पालैपालो गाउनुहोस् । | |
| ७. स्थानीय जनजीविका र | क) स्थानीय जनजीविकाका लागि गरिने कामहरूको | - जनजीविकाका लागि गरिने परम्परागत कृषि कामहरू गहुँ, | - गाउँमा जनजीविकाका लागि गरिने विभिन्न कामहरूको | - मोवाइल या रेकर्डर (हा हा माले हा हा | - खेत रोप्न के के गरिन्छ भन्नुहोस् । | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| अर्थतन्त्र<br><br>(**हाम्रा कामहरू**) | सूची बनाउन सक्नेछन् र तिनीहरूको सामान्य परिचय दिन सक्नेछन् । यस सम्बन्धी बाल गीत गाउन सक्नेछन् । | मकै, धान छर्ने तथा रोप्ने, काट्ने, दाउरा काट्ने, घट्ट जाने, खेती सयार्ने, माछा मार्ने, शिकार खेल्ने आदि ।<br>- माछा मार्ने विभिन्न विधिहरू जस्तैः बल्छी हान्ने, झरौला थाप्ने, जाल हान्ने, दुवाली थुन्ने आदि ।<br>- विभिन्न क्षेत्र अनुसार जनजीविकाका गतिविधिहरूको प्राथमिकता दिने । | विद्यार्थीलाई क्रमशः भन्न लगाई कालो या सेतो पाटीमा सूची बनाउने ।<br>- यस सम्बन्धी बाल गीत पालै पालो र समूहगत गाउन लगाउने ।<br>- ती गतिविधिबारे विद्यार्थीले थाह पाएका कुरा भन्न उत्प्रेरित गरी सचित्र छलफल गर्ने । जस्तैः मकै कसरी लगाइन्छ भन्ने बारेमा एउटा विद्यार्थीले भन्न सक्छ ।<br>- रोपाइँ कसरी गरिन्छ भिडियो क्लिप सहित विद्यार्थीसँग छलफल गर्ने ।<br>- शिक्षकले त्यसबारे थप प्रस्ट पारी बुझाउने ।<br>- जनजीविका बारेमा रोचक कविता लोकलयमा रमाइलो गरी बनाई विद्यार्थीलाई सूरुचीपूर्ण बनाउने । जस्तै धर्मराज थापाको हा हा हा माले हो । | गीत सुनाउने वा अन्य स्थानीय जनजीविकाको गीत सुनाउने)<br>चित्रहरू<br>रोपाइ गर्दाको भिडियो क्लिपहरू । | - घट्टका बारेमा के थाह छ ? घट्ट कसरी चल्छ ?<br>- कर्णाली नदीमा माझी दाइले डुङ्गा कसरी चलाउनु हुन्छ भन्नुहोस् ।<br>- जोडा मिलाउनुहोस्:<br>छुपुछुपु - धान रोप्ने । खलियो लाउने - दाउरा काट्ने, ट्वाक ट्वाके मिल आदि ।<br>- बाल गीत पालैपालो गाउनुहोस् । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
